लोक सेवा आयोग

हेटौंडा कार्यालय

हेटौंडा

वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान सहायक पदको दोस्रो चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना ।

सूचना नं. २१/०७८-७९ , मिति २०७८/०६/२२

यस कार्यालयबाट मिति २०७८/०६/०२ गते संचालन भएको **राष्ट्रिय अनुसन्धान विभागको विज्ञापन नं. ०३/०७७-७८ (खुला/समावेशी),** रा.प.अनं. द्वितीय श्रेणी, नेपाल विशेष सेवा, अनुसन्धान सहायक पदको प्रथम चरणको लिखित परीक्षामा उत्तिर्ण भएका उम्मेदवाहरुको **द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा** पूर्व प्रकाशित कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने गरी देहाय बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा कार्यक्रम

क्र. सं.	विज्ञापन नं.	पद / सेवा/ समूह/ उपसमूह /श्रेणी	परीक्षा मिति र समय	
			प्रथम पत्र	द्वितीय पत्र
१	०३/०७७-७८ (खुला/समावेशी)	अनुसन्धान सहायक/ नेपाल विषेश सेवा/ रा.प.अनं. द्वितीय श्रेणी	२०७८ कार्तिक ०९ गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट)	२०७८ कार्तिक १० गते दिनको २:०० बजे (२ घण्टा ३० मिनेट)

परीक्षा केन्द्र :

क्र. सं.	उम्मेदवारहरुको रोल नं.	संख्या	परीक्षा केन्द्र
१	प्रथम चरणको लिखित परीक्षामा उत्तिर्ण भएका सबै उम्मेदवाहरु	८७	श्री मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा

द्रष्टव्य:-१

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।

ख) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन ।

ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतिय सामाग्री निषेध गरिएको छ ।

ङ) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ ।

च) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।

छ) परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

द्रष्टव्य:- २ संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड , २०७७ (संसोधन सहित) अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

क) परीक्षा केन्द्र प्रवेश गर्नु अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि स्यानिटाईजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा, परीक्षा केन्द्रबाट बाहिरिदा एकआपसमा दुई मिटरको दुरी कायम गर्नुपर्नेछ ।

ग) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्ण पालना गर्नु पर्नेछ ।

जम्मा पाना २ मध्ये ~ १ ~

घ) उम्मेदवारले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा आयोगको Website मा आफ्नो User Id मार्फत कोभिड-१९ सम्बन्धि स्वयं घोषणा भर्नु पर्नेछ ।

ङ) कोभिड-१९ संक्रमित उम्मेदवारहरुको लागि **बिशेष परीक्षा केन्द्रको** ब्यबस्था गरीने हुँदा सँक्रमित परीक्षार्थीहरु आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०५७-५२०३०२, ५२६८२२ र मोबाईल नंबर ९८५५०१९३०२ मा सम्पर्क गरी वा इमेल hetauda@psc.gov.np तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनुहुन सुचित गरिन्छ ।

कान्तिराज मैनाली	बद्रीनाथ सापकोटा	तेज प्रसाद दाहाल
नायब सुब्बा	शाखा अधिकृत	उप-सचिब